# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश, नेपाल**

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.: ३४८६

मिति : २०७६/१२/२३

श्री वडा कार्यालय (सबै),
तिलोत्तमा, रुपन्देही ।

**विषय : लकडाउन कार्यान्वयन सम्बन्धमा ।**

प्रस्तुत विषयमा मिति २०७६/१२/२३ गते बसेको कोरोना भाइरसको प्रकोप नियन्त्रणका लागि गठित निर्देशक समितिको बैठकका निर्णयहरु यसै पत्रसाथ संलग्न राखि पठाएको छ । उक्त निर्णयहरु प्रभावकारी तवरले कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि अनुरोध छ ।

2076/12/23

बोधार्थ :

- नगर प्रमुख/नगर उप-प्रमुखको सचिवालय, तिलोत्तमा नगरपालिका ।

तिलोत्तमा नगर
नगर कार्यपालिकाको
मणिग्राम, रुपन्देही
५ नं. प्रदेश

<u>प्रस्तावहरु:</u>

१. लक डाउन कार्यान्वयन सम्बन्धमा ।
२. स्वास्थ्य शाखाबाट बृहत्तर योजना बनाउने सम्बन्धमा ।
३. स्वास्थ्यकर्मी परिचालन सम्बन्धमा ।
४. राहत प्याकेजमा सामग्री थप सम्बन्धमा।
५. विविध ।

<u>निर्णयहरु:-</u>

<u>निर्णय नं.-१</u>

नेपाल कोरोना महामारी संक्रमणको दोस्रो चरणमा प्रवेश गरेको आकलन गरी २०७६/१२/२२ गते देखि लकडाउनलाई पूर्ण कार्यान्वयन गर्न स्थानीय तह समेतले थप जिम्मेवार बन्नु पर्ने भनी नेपाल सरकारले निर्णय गरेको सन्दर्भमा यस नगरपालिकाभर देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो ।

क) अति आवश्यक काम बाहेक घरबाट बाहिर निस्कन नदिने ।

ख) तोकिएको समय (दुध-बिहान ६:००-८:०० बजे, बेलुका ३:००-५:०० बजे, खाद्यान्न, तरकारी, फलफूल दिउसो १२:००-२:०० बजे) सम्म मात्र पसल खोल्ने कार्यलाई कडाइका साथ कार्यान्वयन गर्ने ।

ग) अत्यावश्यक प्रकृतिका एम्बुलेन्स, दमकल, स्वास्थकर्मीका गाडी, सेतो प्लेटका सवारी साधन, विरामी ओसार-पसार गर्ने गाडी र अधिकार प्राप्त अधिकारीबाट सवारी पास लिएका सवारी साधन बाहेक साइकल समेत सबै प्रकारका सवारी साधन संचालनमा रोक लगाउने ।

घ) नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायतका सुरक्षा निकायहरुलाई अनुरोध गरी नगरपालिकाको चौतर्फी सिमा नाकाहरु, सिद्धार्थ राजमार्गका सबै बस वसौनीहरु, नगरक्षेत्र भित्रका महत्वपूर्ण चोकहरु, सडकहरु, पुलहरु लगायत मानिस आवतजावत हुने स्थानहरुमा सम्बन्धित वडाध्यक्षहरुसँग समन्वय गरी जनप्रतिनिधि, सुरक्षाकर्मी, टोलविकास संस्था र शिक्षक सहित सबै सरोकारवालाले लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने/गराउने ।

ङ) वडा भित्रका सबै जनप्रतिनिधिहरु वडाध्यक्षले तोके बमोजिम लकडाउन कार्यान्वयन गर्न परिचालित हुने ।

च) अझै पनि बाँकी रहेका र थप आउन सक्ने संभावनाहरुलाई ख्याल गर्दै भारत तथा तेस्रो मुलुक वा जोखिमपूर्ण स्थानबाट यस नगरक्षेत्रभित्र विभिन्न वडा तथा टोलमा आएका शंकास्पद व्यक्ति

तथा नव आगन्तुकहरुको खोजी गरी सम्बन्धित वडा, टोल विकास संस्था र स्वास्थ्यकर्मीहरुलाई सम्पर्क गरी क्वारेन्टाइनमा रहने व्यवस्था मिलाउने र यदि ती व्यक्तिहरु आफन्त वा साथीभाईसँग घुलमिल भएको पाइएमा ति घुलमिल भएका व्यक्तिहरुलाई समेत नियमानुसार क्वारेन्टाइनमा राख्ने।

छ) नगरमा उत्पादित तरकारी तथा खाद्यान्न खरिद तथा बिक्री वितरणसँग सम्बन्धित कार्य वडाध्यक्षको समन्वयमा गर्ने/गराउने व्यवस्था मिलाउने ।

ज) नगर प्रमुखज्यू तथा उप-प्रमुखज्यूको नेतृत्वमा छुट्टाछुट्टै टोली बनाई लकडाउन कार्यान्वयनको अनुगमन गर्ने/गराउने ।

<u>निर्णय नं२-.</u>

यस तिलोत्तमा नगरपालिकामा कोरोना भाइरस रोग (कोभिड -१९) को संभाब्य महामारी नियन्त्रण तथा रोकथामका लागि स्वास्थ्य क्षेत्रबाट गर्नुपर्ने सम्पुर्ण तयारी स्वरुप स्वास्थ्य शाखाबाट भविष्यमा हुन सक्ने महामारीलाई पूर्वानुमान गरी आवश्यक कार्ययोजना तयार गरी पेश गर्ने जिम्मा स्वास्थ्य शाखालाई दिने निर्णय गरियो ।

<u>निर्णय नं.-३</u>

होम क्वारेन्टाइनको स्टिकर टाँसिएको घरमा पुन एकपटक फलोअप गर्न तथा आवश्यक परामर्श दिन स्वास्थ्यकर्मीहरुको टिम ज्वरो र रुघाखोकीको लक्षणगत उपचारका लागि Paracetamol र Chlorpheniramine औषधी सहित पठाउने निर्णय गरियो ।

<u>निर्णय नं.-४</u>

मिति २०७६/११/१३ गतेको निर्णयानुसार ज्यालामजदुरी गरी जिविकोपार्जन गर्ने मजदुरहरु असहाय तथा विपन्न परिवारलाई यस लकडाउनको समयमा दिइदै आएको राहत प्याकेजमा थप १ ओटा हात धुने साबुन समेत राखी उपलब्ध गराउने निर्णय गरियो ।

<u>निर्णय नं.-५ (विविध)</u>

क) नगरक्षेत्रभित्रका सबै स्वास्थ्य चौकीहरुले आ-आफनो कार्यक्षेत्रबाट प्राप्त सूचनाका आधारमा Paracetamol र Chlorpheniramine औषधीहरु अभिलेख राखी उपलब्ध गराउने व्यवस्था मिलाउने ।

२०७६/१२/२३

माधव प्रसाद ...
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख